मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

२६ औं वर्षमा Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

प्रदेश सदस्यमा बस्नेत मनोनित : पृष्ठ ३मा

◆ वर्ष : २६ ◆ अङ्क : २७२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ भदौ १५ गते मंगलवार (Tuesday, August 31. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

करणी अभियोगमा चौधरी पक्राउ

उदयपुर, भदौ १४। १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा त्रियुगा नगरपालिका-१२ सोनापुर बस्ने ४० वर्षीय आनन्द चौधरीलाई प्रहरीले पक्राउ गरेको छ।

चौधरीले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

उता चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट नियन्त्रित लागूऔषध नाईट्राभेट ९० ट्याब्लेट र स्पास्मो १ सय ४० ट्याब्लेट सहित सप्तरी राजगढ गाउँपालिका-२ घर भएका २७ वर्षीय रितेशकुमार सिंहलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ।

राजबिराजबाट काठमाडौं आउँदै गरेको को-०३-०३-००१ ख ००४२ नम्बरको बसलाई महानगरीय प्रहरी प्रभाग नागढुंगाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा बसमा सवार सिंहलाई उक्त लागूऔषधसहित फेला पारी पक्राउ गरेको हो।

उता पोखरा महानगरपालिका-४ गैह्रापाटनस्थित ग.३ च ११४३ नम्बरको जिपमा सिलबन्दी तथा लेवलिङ नलगाएको १ हजार केजी एसिड र सोही महानगरपालिका-२ मौरिया टोलस्थित अभिषेक औजार पसलबाट शिलबन्दी र लेबलिङ नलगाई बेच्नको लागि राखेको ३ सय ५० केजी एसिड बरामद गरी उक्त कार्यमा संलग्न तीन जनालाई बिहीबार प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा जिप चालक चितवन भरतपुर महानगरपालिका-४ बेलचोक बस्ने बारा जितपुर सिमरा उपमहानगरपालिका-१५ स्थायी घर भएका १९ वर्षीय मिनबहादुर भारती, सोही जिपमा सवार चितवन भरतपुर

(बाँकी अन्तिम पृष्ठमा)

प्रहरी भवनलाई साढे १० करोड

झापा, भदौ १४। १ नम्वर प्रदेश सरकारको सहयोगमा निर्माण शुरु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको भवन निर्माणको अन्तिम चरणमा पुगेको छ।

२०७६ साल जेठ ९ गते श्रृङ्खला निर्माण सेवा प्रालि नुवाकोटसँग सम्झौता गर्दै ट्राफिक प्रहरीका लागि भवन निर्माणको काम अघि बढाइएको थियो। एक करोड ८८ लाख ८५ हजार ५ सय ७७ रुपैयाँ ९८ पैसाको लागतमा भवन निर्माण शुरु गरिएको थियो। बिर्तामोडस्थित मुक्ति चौक उत्तर सानो र साँघुरो घरबाट ट्राफिक प्रहरीले अहिले सेवा दिँदै आएको छ। सानो र साँघुरो घरबाट सेवा प्रवाह गर्न असहज भएको भन्दै तत्कालीन ट्राफिक प्रहरी निरीक्षक राजेश राईले ट्राफिकको नयाँ भवन निर्माणका लागि प्रक्रिया अघि बढाएका थिए।

भवन निर्माणका लागि १ नम्वर प्रदेश सरकारले एक करोड ८८ लाख रुपैयाँ प्रदान गरेसंगै बिर्तामोड नगरपालिकाले अनारमनी-३ स्थित बिर्ताजबजार उत्तरमा उपलब्ध गराएको ६ कट्ठा जमिनमा भवन निर्माणका लागि तत्कालीन प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले शिलान्यास गरेका थिए। तर, उक्त स्थानमा ट्राफिक प्रहरीका लागि भवन निर्माण गर्न असहज हुने भएसँगै इलाका प्रहरी कार्यालय अनारमनी नजिकै रहेको यान्त्रिक कार्यालयको जमिन व्यवस्थापन गर्दै सो स्थानमा ट्राफिक प्रहरी कार्यालयको भवन निर्माण शुरु गरिएको थियो।

निर्माणको अन्तिम चरणमा बिर्तामोडस्थित जिल्ला ट्राफिक प्रहरी कार्यालयलको भवन।

तत्कालीन ट्राफिक प्रहरी प्रमुख होम अधिकारीको पहलमा यान्त्रिक कार्यालयको ६ कट्ठा जमिन ट्राफिक प्रहरीका लागि व्यवस्थापन गर्दै सो स्थानमा भवन

(बाँकी अन्तिम पृष्ठमा)

'कि सास कि त, लाश चाहियो'

झापा, भदौ १३। नेपालमा भएको १० वर्षे सशस्त्र द्वन्द्वपछिको विस्तृत शान्ति, सम्झौताको बुँदा नम्बर ५, २ र ३मा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको तथा युद्धको समयमा मारिएकाको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिक गरी परिवारजनलाई बुझाउने उल्लेख छ।

विस्तृत शान्ति, सम्झौताकै बुँदा नम्बर ५, २ र २ मा आफ्ना कब्जामा रहेका मानिसका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मञ्जुर गर्दछन् भनिएको छ। वि.सं. २०५२ फागुन १ गतेदेखि चलेको १० वर्षे सशस्त्र द्वन्द्वलाई शान्ति यात्रामा ल्याउन २०६३ साल मंसीर ५ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीच १२ बुँदे विस्तृत शान्ति, सम्झौता भएको थियो। अहिले विस्तृत शान्ति, सम्झौता भएको १४ वर्ष पुगिसकेको छ तर अहिलेसम्म सम्झौता अनुरुप बेपत्ता सार्वजनिक हुन सकेनन्।

शान्ति, सम्झौता अनुरुप नै दुवैपक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम् परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गर्नका लागि मानवताविरुद्धको अपराधमा संलग्नको सत्य अन्वेषण गरी दोषीलाई कारवाही गर्ने उद्देश्यले सरकारले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोगको २०७१ माघ २७ गते गठन गऱ्यो। सरकार र द्वन्द्वरत् पक्षबीच सम्झौता भएको साढे आठ वर्षपछि यी दुई आयोग बने।

नेपालको संविधान अनुसार दुई वर्षभित्र सम्पूर्ण काम सक्ने भनेर गठन गरिएका यी दुई आयोगमा पहिलो पदाधिकारीले चार वर्षसम्म पनि काम पूरा गर्न नसकेपछि ती पदाधिकारीलाई बिदाइ गरेर नयाँ पदाधिकारी ल्याएको पनि करिब दुई वर्ष हुन लाग्यो तर पीडितले न्याय पाएको अनुभूति गर्न सकेका छैनन्।

आयोगले दोस्रोपटक २०६७ माघ ९ गते नयाँ पदाधिकारीले पाएको हो। एक वर्षका लागि भनेर गठन गरिएको आयोगले दोस्रो वर्षसम्म पनि काम पूरा गर्ने देखिएको छैन। आयोगका पहिलो पदाधिकारीले तथ्याङ्क सङ्कलन गर्ने काम गरे।

आयोगमा तीन हजार २ सय ४३ उजुरीमध्ये २३७ उजुरी सत्य निरुपण तथा मेलमिलाप आयोगसँग सम्वन्धित भएकाले त्यहाँ पठाएको थियो। त्यसमध्ये १३१ उजुरी दोहोरो परेको देखिएकाले लगतकट्टा गरिएको छ। साथै २८९ उजुरीमा सशस्त्र द्वन्द्वका क्रममा व्यक्ति बेपत्ता पारेका भन्ने नै आधार प्रमाण नदेखिएकाले तामेलीमा राखिएको छ। आयोगले दुई हजार ४९६ उजुरीमा विस्तृत छानविन गरिरहेको छ। उजुरीका आधारमा दुइ हजार ५१३ व्यक्ति बेपत्ता पारिएको भनी आयोगको तथ्याङ्कमा उल्लेख छ।

आयोगका अनुसार २७४ उजुरीमा उजुरीकर्ता बुझ्ने

विश्व बेपत्ताविरुद्धको दिवस

लगायत काम सम्पन्न भएको छ। उजुरी परेका ७५ जिल्लामध्ये ७३ जिल्लाको स्थलगत भ्रमण गरी आयोगले अनुसन्धान गरिसकेको छ भने १५ जिल्लाका १८८ परिवारका ५४० जनालाई पीडित परिचयपपत्र वितरणसमेत गरिसकेको छ। आयोगले अघिल्लो पदाधिकारीले सङ्कलन गरेको उजुरी र अघि बढाएको अनुसन्धानका आधारमा काम अघि बढाएको छ- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका प्रवक्ता डा. गङ्गाधर अधिकारीले भने- बेपत्ता परिवार पहिचान भइसकेको परिवारलाई परिचयपत्र बाँड्ने काम भइरहेको छ, हासम्म २४३ परिवारका ६३९ व्यक्तिले परिचयपत्र पाइसकेका छन्।

आयोगले २०७७ माघ १४ गतेदेखि पीडित पहिचान गरी परिचयपत्र बाँड्न शुरु गरेको थियो। आयोगका प्रवक्ता अधिकारीका अनुसार यो वर्ष ८० प्रतिशतलाई परिचयपत्र वितरण गर्ने योजना छ। आयोगले पीडितको उजुरीका आधारमा पीडकको तालिका बनाई काम शुरु गर्ने तयारी गरेको छ। आयोगले परिचयपत्र वितरणको काम सँगसँगै पीडितको उजुरीका आधारमा पीडक पहिचान गरेर तालिकीकरण गरी उजुरीउपर बयान लिने तयारी गरेको छ- आयोगका प्रवक्ता अधिकारीले भने- दुई/तीन महिनामा यो काम प्रारम्भ हुन्छ।

आयोगले पीडितलाई परिचयपत्र वितरण गरे पनि त्यो परिचयपत्रले के-के सुविधा वा सहुलियत पाउने भन्ने स्पष्टरुपमा केही पनि नखुलेको हुनाले त्यसको कुनै महत्व नभएको पीडितको दुखेको छ। मेरो २९ वर्षको जवान श्रीमान् बेपत्ता पारेको अहिले २१ वर्ष भयो, यतिबेला आएर आयोगले बेपत्ता भएको परिचयपत्र दिएको छ। बेपत्ता पीडित शोभा भट्टले भनिन्- त्यो परिचयपत्रले के गर्नु ? न बच्चा पढाउन पाउनु, न जागिर खुवाउन पाउनु, न गाडी चढ्दा छुट पाउनु, के काम त्यो ? प्रश्नको शैलीले उनले बेपत्ता परिवारलाई दिएको परिचयपत्रको कुनै औचित्य नभएको सुनाइन्।

आफ्ना जीवन सारथी काखमा रहेका कलिला दुई सन्तानलाई हुर्काउने, पढाउने, बढाउने जिम्मेवारी एक्लै पूरा गर्नुपर्ने परिबन्द शोभालाई आइलाग्यो। सरकारले पटक-पटक गरी अन्तरिम राहतस्वरुप पीडितलाई दिएको रु. १० लाखले उनले छोराछोरी पढाउने गरेकी छन्।

चन्द्रागिरि नगरपालिका-१३ काठमाडौँबाट २०५८ साल असोज १८ गते साँझ ८ बजे तत्कालीन विद्रोही पक्षले शोभाका पतिलाई लगेका थिए। आफ्ना पति आज आउलान्, भोलि आउलान्भन्दा भन्दै यतिका वर्ष बिते तर पति घर फर्किएन। अझै पनि आफ्ना पति फर्किन्छन् भन्ने आशा शोभामा बाँकी नै छ।

त्यो बेला बेपत्ता भएका कति भेटिए भन्ने खबर आउँछ, मलाई मेरा श्रीमान् पनि आउनु होला कि जस्तो लाग्छ, भट्टले भक्कानिएर आफूलाई सम्हाल्दै

(बाँकी अन्तिम पृष्ठमा)

पर्यटन व्यवसायी खनालको निधन

झापा, भदौ १४। कोरोना भाइरसको सङ्क्रमणबाट झापाका ट्राभल्स तथा पर्यटन व्यवसायी गोपाल खनालको निधन भएको छ।

जिल्ला ट्राभल्स संघ, झापाका उपाध्यक्ष तथा भद्रपुर नगरका अध्यक्ष समेत रहेका भद्रपुर नगरपालिका-८ निवासी ५६ वर्षीय खनालको उपचारको क्रममा सोमबार बिहान

(बाँकी अन्तिम पृष्ठमा)

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ।

THE ALL NEW EUROPEAN SUV
ŠKODA KUSHAQ
TSI - ENGINE

ŠKODA

CONTRAC US:

HALESI AUTO MOBILE 125 | SKODA AUTO (Years)

Birtamod-02 Jhapa http//:www.facebook.com/halesiautomobile
Phone: 023-546498 SKODA Birtamode, Jhapa
Chudamani Poudel, Rudra Shrestha, Ganesh Gautam
9852678646/ 9801457951/ 9862776397/
9806088695/ 9852641299/ 9801457952

Skoda KUSHAQ नामै काफी छ | यसपालीको दसैं SKODA KUSHAQ संग |

लेडी जेसीजद्वारा अपाङ्गता भएकालाई खाद्यान्न

बिर्तामोड, भदौ १४। कोरोना कहरका कारण आर्थिक समस्यामा परेका अपाङ्गता भएका व्यक्तिलाई वीरता लेडी जेसीजले खाद्यान्न सहयोग गरेको छ ।

उनीहरुले लामो समयको निषेधाज्ञाका कारण आर्थिक समस्या भएपछि अपाङ्गता भएका व्यक्तिहरु मारमा परेको भन्दै सहयोग गरिदिन सबैसँग आग्रह गरेका थिए । उनीहरुको आग्रहलाई ध्यान दिँदै वीरता लेडी जेसीजले अपाङ्गता भएका व्यक्तिहरुलाई सोमबार एक कार्यक्रमकाबीच खाद्यान्न वितरण गरेको हो ।

वीरता लेडी जेसीजकी अध्यक्ष स्वस्तिका आचार्यको अध्यक्षता तथा बिर्तामोड नगरपालिका-४का वडाध्यक्ष कुलप्रसाद संग्रौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा शारीरिक अपाङ्गता भएका वडा नं. ४का १५ परिवारलाई चामल, दाल, नून तेल लगायतका खाद्यान्न सामग्री वितरण गरिएको थियो ।

विभिन्न सामाजिक काम गर्दै आएको वीरता लेडी जेसीजले अपाङ्गता भएका व्यक्तिलाई हालसम्म कसैले सहयोग नगरेकाले उनीहरुलाई खाद्यान्न सहयोग गरेको बताइएको छ । संवाद समूहको संयोजनमा भएको कार्यक्रममा शारीरिक अशक्तता भएका व्यक्तिले सहयोग गरिदिन आग्रह गरेसँगै विभिन्न वडाहरुमा रहेका अपाङ्गता भएका व्यक्तिलाई खाद्यान्न सहयोग गर्दै आएका छन् ।

वीरता लेडी जेसीजले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि संग्रौला, बिर्तामोड उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कुमार भट्टराई, अपाङ्गता स्वावलम्बन संस्थाका अध्यक्ष दीपक थापा लगायतले शुभकामना मन्तव्य राखेका थिए । सुमित्रा भट्टराईले स्वागत गरेको कार्यक्रममा आस्था वाचन मञ्जु ओलीले र सञ्चालन महासचिव हिमा पौडेलले गरेकी थिइन् ।

करेन्ट लागेर महिलाको मृत्यु

झापा, भदौ १३। अर्जुनधारा नगरपालिका-१० की एक महिलाको करेन्ट लागेर मृत्यु भएको छ ।

मृत्यु हुनेमा वडा नं. ६स्थित बिहानी टोलमा डेरा गरी बस्ने वर्ष ४५की सावित्रा विक रहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता राकेश थापाका अनुसार विद्युत्को पोलमुनि मृत भेटिएकी विकको शरीरको काँधको भागमा ट्रान्सफर्मरको अर्थिङ गरिएको तारले छोएको, काँधको भाग डढेको देखिएको र विद्युत्का कर्मचारीले परीक्षण गर्दा समेत तारमा करेन्ट प्रवाह भएको पाइएकाले करेन्ट लागेर मृत्यु भएको आशङ्का गरिएको हो ।

मृतकको शव परीक्षणका लागि मेची अस्पताल पठाएर घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

प्रहरी ...

निर्माण शुरु गरिएको थियो । जमिन व्यवस्थापनका लागि तत्कालीन जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक दिनेशराज मैनाली र जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख होम अधिकारीले यान्त्रिक कार्यालयसंग जमिन माग गर्दै ट्राफिक प्रहरीका नाममा यान्त्रिक कार्यालयको जमिन उपलब्ध गराएका थिए ।

आधुनिक र सुविधासम्पन्न ट्राफिक प्रहरीको भवन निर्माण गर्ने उद्देश्य अनुसार अहिले जिल्ला ट्राफिक प्रहरी कार्यालयको भवन निर्माणकै चरणमा छ । भवन निर्माणको काम सकिएपछि अहिले रङ्गरोगन र अन्य काम भइरहेको बताइएको छ । ट्राफिक प्रहरी भवन निर्माणका लागि प्रदेश सरकारले उपलब्ध गराएको रकम पर्याप्त भए पनि थप व्यवस्थापनका लागि झण्डै ५० लाख रुपैयाँ अपुग देखिएको छ । कम्पाउण्ड वाल, भवन आसपासको जमिन पुर्न र गेट निर्माणका लागि मोटो रकम आवश्यक पर्ने भएसंगै रकमको जोहो गर्न ट्राफिक प्रहरीलाई अहिले हम्मे-हम्मे परेको छ ।

पाँच वटा भवन निर्माणकै चरणमा

जिल्लाका विभिन्न स्थानमा नेपाल प्रहरीका लागि पाँच वटा भवन निर्माणाधीन छन् । प्रदेश सरकारकै सहयोगमा निर्माणाधीन अवस्थामा रहेका प्रहरीका भवन समेत निर्माणको अन्तिम चरणमा रहेको जिल्ला प्रहरी कार्यालय झापामा प्रहरी उपरीक्षक सानुराम भट्टराईले जानकारी दिए ।

प्रहरी उपरीक्षक भट्टराईका अनुसार अहिले जिल्लामा ट्राफिक प्रहरीको भवनसहित इलाका प्रहरी कार्यालय कुमरखोद, घैलाडुब्बा, काँकरभिट्टा, कोहोबरा र सीमा प्रहरी चौकी केचनामा प्रहरी भवन निर्माणाधीन छन् । निर्माणाधीन सबै भवन निर्माणको अन्तिम चरणमा रहेको र हस्तान्तरणको तयारी भइरहेको छ । प्रदेश सरकारबाट प्राप्त वजेटले कार्यालय भवन, मेस, शौचालय र सेफ्टी ट्याङ्की निर्माण गरिएको छ । भवन निर्माण सम्पन्नसँगै प्रहरीका लागि बस्न, कार्यालय सञ्चालन गर्न सहज हुने बताइएको छ ।

जिल्लामा निर्माणाधीन प्रहरी कार्यालयका भवन २०७७ साल जेठ भित्र निर्माण सम्पन्न गरिसक्ने सम्झौता भए पनि कोभिडका कारण निर्माणका ढिलाई भएको निर्माण व्यवसायीले बताउँदै आएका छन् । झापामा निर्माणाधीन भवन मध्ये दुई करोड ३५ लाख ८७ हजार ६ सय २८ रुपैयाँको लागतमा इलाका प्रहरी कार्यालय कुमरखोदको प्रहरी भवन निर्माणाधीन अवस्थामा छ ।

त्यस्तै २ करोड ३३ लाख १३ हजार ६ सय ९३ रुपैयाँको लागतमा इलाका प्रहरी कार्यालय घैलाडुब्बा , २ करोड ८३ लाख ३४ हजार ६ सय ४९ रुपैयाँको लागतमा इलाका प्रहरी कार्यालय काँकरभिट्टा, १ करोड २६ लाख २ हजार ८ सय १२ रुपैयाँको लागतमा कोहोभरा र १ करोड ६३ लाख ७५ हजार ५ सय एक रुपैयाँको लागतमा सीमा प्रहरी चौकी केचनाको प्रहरी भवन निर्माणाधीन अवस्थामा छन् ।

संयोजकमा सुवास भट्टराई

सुवास भट्टराई

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको नयाँ भवन निर्माण सम्पन्न हुन लागेसँगै थप व्यवस्थापनका लागि स्थानीयवासी सक्रिय भएका छन् ।

भवन निर्माण सम्पन्न भएसंगै ट्राफिक प्रहरी नयाँ भवनमा सर्ने भएपछि ट्राफिक प्रहरीका लागि भवन आसपासको जमिन होचो भएकाले त्यहाँ माटो पुर्न, कम्पाउण्ड वाल लगाउन र गेट निर्माण गर्न स्थानीयले नै चासो देखाएका हुन् । सो कामका लागि झण्डै ५० लाख रुपैयाँ आवश्यक पर्ने भएपछि जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जिल्लाका सरोकारवाला निकाय, समाजका लब्धप्रतिष्ठित व्यक्ति, व्यवसायी र आम नागरिकबीच सोमवार अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो ।

सोही कार्यक्रमकाबीच बिर्तामोडका व्यवसायी सुवास भट्टराईको नेतृत्वमा सात सदस्यीय समिति गठन भएको छ । गठित समितिले ट्राफिक प्रहरीका लागि नयाँ भवनमा कम्पाउण्ड वाल लगाउने, भवन वरिपरिको होचो भू-भाग पुर्दै पेवर्स बिच्छ्याउने र गेट निर्माण गर्ने निर्णय गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका ट्राफिक प्रहरी निरीक्षक निशेष चापागाँईले बताए ।

ट्राफिक प्रहरीका लागि भवन निर्माण गर्न प्रदेश सरकारबाट रकम आएपनि थप काम गर्न वजेट अभाव थियो- ट्राफिक प्रहरी निरीक्षक चापागाँईले भने- हामीले यस विषयमा के गर्न सकिएला भन्दै यहाँका लब्धप्रतिष्ठित व्यक्ति, व्यवसायी र आम नागरिकबीच छलफल बोलाएका थियौं । छलफलकै बीच उक्त काम हामी गर्ने भन्दै भट्टराईजीको नेतृत्वमा सात सदस्यीय समिति स्वतःस्फूर्त रुपमा गठन भएको हो ।

गठित समितिमा प्रविण पोखरेल, नवीन गट्टानी, केदार गिरी, शेरवहादुर थापा, स्वस्तिका आचार्य, र मदन गोपाल सुब्बा सदस्य रहनुभएको छ- प्रहरी निरीक्षक चापागाँईले भने ।

कि सास ...

केहीबेरपछि भने- राज्यले कि सास देओस् कि लाश ।

आफ्ना पतिको यथार्थ सार्वजनिक गर्नेभन्दा पनि आयोगमा घरी बोलाएर सोधपुछ गर्ने कहिले परिचयपत्र दिने कामले शोभालाई चित्त दुखेको छ । मेरो श्रीमान् बेपत्ता भएको पीडा छँदैछ, खाटो बसेको घाउ कोट्याएर आलो बनाउने बाहेक केही काम हुँदैन- शोभाले आक्रोशित हुँदै भने- निर्दोषलाई बेपत्ता बनाएर यति दुःख पाएका छौं, तर राज्यले पीडितको पीडा देखेन ।

आफ्ना पति बेपत्ता भएर वियोगमा जीवन बिताउँदै आएकी शोभा प्रतिनिधि पात्र मात्रै हुन् । त्यस्ता धेरै महिला केही पति बेपत्ता भएर पीडामा छन् । कति द्वन्द्वका समयमा बलात्कारमा परेर अझै पीडामा छन् तर स्वास्थ्योपचारको व्यवस्थासम्म उनीहरुलाई हुन सकेको छैन ।

महिला आफ्ना पति बेपत्ता हुँदा पीडामा छन् भने कैयौं पुरुषबाट आफ्नी पत्नी बेपत्ता हुँदा पीडामा छन् । धादिङका पर्शुराम कोइरालाकी पत्नी १९ वर्षदेखि बेपत्ता छिन् । पर्शुरामकी पत्नी ३७ वर्षीय गोमा कोइराला २०६० पुस २८ गते राति ९ बजे बेपत्ता भएदेखि आजसम्म सम्पर्कमा आएकी छैनन् । तर, पर्शुरामले बेपत्ता पत्नीलाई बारम्बार सपनामा भेटेको बताउँछन् । मेरी श्रीमती बेपत्ता भएको यतिका वर्ष भयो तर म अहिले पनि सपनामा भेट्छु, कुरा गर्छु- उनले भक्कानिँदै भने- शुरु-शुरुमा दैनिक सपनामा देख्थें, कुराकानी गर्थें, त्यतिबेला हाँसीखुशी देख्ने, आजभोलि ८/१० दिनमा मात्र सपनामा देख्छु, तर रोहिरहेको देख्छु ।

पर्शुरामलाई छोराछोरीले आमालाई सम्झेर रुँदा नराम्रो लाग्छ । बेला-बेला बच्चाहरु आमालाई सम्झेर भक्कानिन्छन्, म पनि भक्कानिन्छु तर बच्चाको अगाडि सम्हालिनुपर्यो- उनले पत्नी वियोगको पीडा सुनाए, मलाई मेरो श्रीमतीको कि सास कि लाश देओस् सरकारले, मलाई बेपत्ता पीडित नै भएर बस्न मन छैन ।

द्वन्द्वका बेलामा तत्कालीन माओवादी विद्रोही पर्शुरामको घरमा बारम्बार भोक लाग्यो भनेर आउँथे । पर्शुरामकी पत्नीले खाना पकाएर खुवाउँथिन् । खाना नखुवाए माओवादीको डर, खाना खुवाए सेनाको डर थियो । साह्रै भोक लाग्यो भनेर माओवादी आए, मेरी श्रीमतीले दाल, तरकारी र अचार बनाएर खाना खुवाइन्, त्यो बेलाको घटना स्मरण गर्दै पर्शुरामले सुनाए । आर्मीलाई सुराक गरेको भनेर खाना खुवाएकै पाँच दिनपछि माओवादीले लगे, बेपत्ता पार्ने खुलेआम खुशी जीवन बिताएका छन्, हामी रोएर बसेका छौं- उनले भने- मेरो मुख्य माग नै आफ्नी पत्नीको अपहरण गरी बेपत्ता पार्नेलाई सजाय होस् भन्ने छ ।

उनले जीवित भए जीवित, नभए लाश देऊभन्दा पनि अहिलेसम्म पाउन सकेका छैनन् । द्वन्द्वका बेला बेपत्ता पारिएका व्यक्तिको सूचीमा रहेका ३१ जना परिवारको सम्पर्कमा आएका छन् । आफ्ना बेपत्ता भएका आफन्त पनि आउँछन् कि भन्ने आशा अझै बाँकी छ ।

पर्शुराम जस्तै धेरै पति द्वन्द्वमा पत्नी बेपत्ता भएको वियोगमा बाँचिरहेका छन् तर सरकारले गठन गरेको आयोगले न्याय दिनेमा द्वन्द्वपीडितलाई आशा छैन । द्वन्द्वपीडितको त्यति ठूलो माग पनि छैन । पीडितले न्याय माग्नु गल्ती हो र ? पीडितले पनि यो देशमा सम्मानपूर्वक बाँच्न पाउनु त पर्‍यो नि- द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारीले भने- द्वन्द्वरत् पक्षले पीडितसँग माफी मागोस्, स्वास्थ्योपचार, शिक्षा र रोजगारीमा सहयोग गरोस्, अरु केही चाहिँदैन । उनलाई विस्तृत शान्ति, सम्झौता भएको ६० दिनभित्र बेपत्ता सार्वजनिक गर्ने भनिएको सम्झौता अनुसार त्यो ६० दिन कहिले आउला भन्ने लागेको छ ।

शान्ति, सम्झौता भएको १५ वर्ष हुन लागिसक्यो, ६० दिन किन आउँदैन- अधिकारीले भने । सरकारले समयमै ऐन संशोधन गरेर तत्काल पीडितलाई न्याय दिनुपर्ने र सङ्क्रमणकालीन न्यायलाई लम्ब्याउन नहुने उनको सुझाव छ ।

नेपालमा १० वर्षे सशस्त्र द्वन्द्वजस्तै विश्वमा बलपूर्वक बेपत्ता हुनेको संख्या ठूलो छ । आइसीआरसीको सन् २०२० को प्रतिवेदन अनुसार विश्वभर एक लाख ४५ हजार व्यक्ति बेपत्ता भएका थिए । ती बेपत्ता हुनेमध्ये खासगरी, आन्तारिक द्वन्द्व, राजनीतिमाथि फरक धारणा राख्ने समूहले व्यक्ति बेपत्ता पार्ने गरेको प्रतिवेदनमा उल्लेख छ । बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको सम्झनामा विश्वभर नै आज, अगष्ट ३० लाई विश्व बेपत्ताविरुद्धको दिवसका रुपमा मनाउने गरिएको छ ।

नेपालमा पनि १० वर्षे सशस्त्र द्वन्द्वका बेलामा बेपत्ता पारिएका व्यक्तिको अवस्था अझै सार्वजनिक हुन सकेको छैन । पीडितले कि सास, कि त लाश चाहियो भनेर आवाज उठाइरहेका छन् । पीडितलाई न्यायको अनुभव हुने गरी सरकारले पीडितको सम्बोधन गर्न जरुरी देखिन्छ ।

पर्यटन ...

बिर्तामोडस्थित बिएण्डसी अस्पतालमा निधन भएको हो ।

खनाल ट्राभल्स संघसहित धार्मिक संस्था मङ्गल सेवा समिति भद्रपुर, झापा उद्योग वाणिज्य संघका सदस्य लगायत विभिन्न संघ-संस्थामा आवद्ध भई सामाजिक कार्य समेत गर्दै आइरहेका थिए । खनाललाई साउन २९ गते कोरोना संक्रमण पुष्टि भएको थियो ।

कोरोना पुष्टि भएपछि स्वास्थ्यमा थप समस्या आएपछि उनले पुनः भदौ ९ गते कोरोना परीक्षण गराउँदा फेरि पनि संक्रमण पुष्टि भएको थियो । त्यसपछि थप उपाचारका लागि वीएण्डसी अस्पतालमा भर्ना गराइएको थियो । उनलाई विगत केही दिनदेखि अस्पतालको भेन्टिलेटरमा राखेर उपचार गराइरहेको अस्पतालले जनाएको छ ।

करणी ...

महानगरपालिका-२ बस्ने मोरङ बिराटनगर महानगरपालिका-२ घर भएका २९ वर्षीय केशबसिंह र अभिषेक औजार पसलका सञ्चालक पोखरा महानगरपालिका-२ मोहोरिया टोल बस्ने बाग्लुङ, बाग्लुङ नगरपालिका-७ ढिकीचौर घर भएका ६३ वर्षीय बलबहादुर बिक रहेका छन् ।

असल संस्कार र समृद्धिका लागि एनएमसी

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, झापा, प्रदेश नं. १

अन्तिम लेखा परीक्षणका लागि कोटेसन आव्हान

प्रथमपटक प्रकाशित मिति : २०७८।५।१४

यस नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.(एनएमसी) को आ.व. २०७८/०७९ को अन्तिम लेखा परीक्षण गर्नको लागि लेखा परीक्षक नियुक्ति गर्नुपर्ने भएको हुँदा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट लेखा परीक्षण गर्न 'क' वर्ग इजाजत प्राप्त इच्छुक लेखा परीक्षण फर्म/संस्थाले लेखा परीक्षण शुल्कसहित संस्थाको कर्पोरेट कार्यालय काँकरभिट्टामा प्राप्त हुने गरी निवेदन पेस गर्नहुन सूचना आव्हान गरिन्छ ।

संस्थाको संक्षिप्त जानकारी र लेखा परीक्षणमा आवश्यक पर्ने विवरणहरु :

- संस्थाद्वारा हाल बैंकिङ व्यवसाय, डेरी व्यवसाय, नमूना कृषि फर्म, सहकारी पसल र चिया उद्योग सञ्चालनमा रहेका छन् ।
- बैंकिङ व्यवसायका कूल ४५ वटा शाखा कार्यालयहरु र सहकारी पसलका कूल १० वटा शाखा कार्यालयहरु सञ्चालनमा रहेका छन् ।
- व्यवसायगत रुपमा छुट्टाछुट्टै कूल ५ वटा लेखा परीक्षण प्रतिवेदन र एकीकृत प्रतिवदेन १ गरी जम्मा ६ वटा लेखा परीक्षण प्रतिवेदन तयार गर्नुपर्नेछ ।
- लेखा परीक्षण शुल्क उल्लेख गर्दा लेखा परीक्षण शुल्क, यातायात, खाना-बस्तलगायत लेखा परीक्षण कार्यसँग सम्बन्धित सम्पूर्ण रकम एकमुष्ट कोटेशनमा उल्लेख गर्नुपर्नेछ । स्वीकृत रकम एकमुष्ट बिलका आधारमा संस्थाले भुक्तानी गर्नेछ । संस्थाको अन्तर कार्यालयहरुमा पुग्ने यातायातको व्यवस्था संस्थाले गर्नेछ ।
- संस्थाको २०७८ साउन मसान्तको वासलात अंक रकम १२ अर्बको रहेको छ ।
- कोटेशन संस्थाको आधिकारिक इमेल ठेगाना : corporatenmc@gmail.com मार्फत पनि पेश गर्न सकिन्छ ।

कोटेशन पेस गर्ने अन्तिम मिति : २०७८ भदौ २५ गते शुक्रबार

थप जानकारीका लागि सम्पर्क : ९८५२६८९४२०

– प्रमुख कार्यकारी अधिकृत

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

रोङ गाउँपालिकाको अत्यन्त जरूरी सूचना

मितिः २०७८।०५।०७

यस रोङ गाउँपालिका क्षेत्रभित्र मिति २०७८ साल असोज १ गतेबाट प्लाष्टिकका झोलाको प्रयोग पूर्णरुपमा निषेध गरिएको छ । सम्पूर्ण रोङवासी आदरणीय दाजुभाइ, दिदीबहिनीहरुमा प्लाष्टिकको झोलाको प्रयोग पूर्ण रुपमा बन्द गरिदिनुहुन यसै सूचना मार्फत अनुरोध गरिन्छ । यदि यस सूचनाको उल्लघंन गरी प्लाष्टिकको झोला प्रयोग गरेको पाइएमा पसल, व्यवसायीहरुबाट रु. १,०००/– र व्यक्तिबाट रु. १००/– जरिवाना असुल उपर गरिने समेत जानकारी गराइन्छ ।

फोहोरमैला व्यवस्थापनमा जुट्ने हाम्रो पालो
यसका लागि सबैले गरौं हातेमालो ।

– रोङ गाउँपलिका, इलाम

कर्मचारी आवश्यकता

यस **द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि.**, सुरुङ्गा शाखाका लागि बजार प्रतिनिधिको आवश्यकता परेको हुँदा तपसिल बमोजिमको इच्छुक उम्मेदवारहरुले आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

पदः बजार प्रतिनिधि
संख्याः केही
तलबः संस्थाको नियमानुसार
शैक्षिक योग्यताः एस.ई.ई. वा सो सरह

आवश्यक कागजातहरुः हस्तलिखित निवेदनसहित शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, दुई प्रति पासपोर्ट साइजको फोटो

उल्लेखित कागजातहरुसहित इच्छुक उम्मेदवारहरुले यही मिति २०७८।०५।१८ गते सम्ममा आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

सम्पर्कः ९८०१५४२५७५

हार्दिक श्रद्धाञ्जली

जन्मः २००७।०४।१६

स्वर्गारोहणः २०७८।०५।०७

स्व. गंगादेवी उप्रेती

यस दृष्टि आई केयर सिष्टम अन्तर्गत दृष्टि आँखा अस्पताल, बिर्तामोड, सैनिकमोड, झापाका संस्थापक अध्यक्ष रामकुमार उप्रेतीकी ममतामयी आमा **गंगादेवी उप्रेती**को असामयिक स्वर्गारोहण भएको आज ९औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै यस दुःखद् घडीमा परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

दृष्टि आई हस्पिटल परिवार, बिर्तामोड, झापा

TOLLFREE No: 16600152000
www.dristieye.org

AMITY
For those who want to excel

Congratulations to all SEE Graduates

Amity Education Foundation

A Purely English Environment institution known for its conducive academic enviornment and excellent results year after year

OPENS ADMISSION IN CLASS-XI

+2 Business Studies
Computer Science
Hotel Management

Get Registered Immediately

AMITY SEC. SCHOOL
Birtamode-05, Jhapa Nepal
Tel: 023-590762, 023-541269
Mob: 9852642762
Email: amitycollegejhapa@gmail.com | Web: www.amityedufound.com

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

समावेशीकरणको यात्रामा एउटा अभियान:

पूर्वञ्चल दैनिकद्वारा प्रकाशित लिम्बू भाषा (किरात सिरिजङ्गा लिपी)

समावेशी नेपाल

ᤕᤠᤰᤌᤢᤱ ᤕᤢᤱᤌᤢᤱ

ᤕᤠᤰᤌᤢᤱ ᤕᤢᤱᤌᤢᤱ

ᤕᤠᤰᤌᤢᤱ ᤕᤢᤱᤌᤢᤱ (किरात सिरिजङ्गा लिपी लेख्न सिकौं)

६. ᤌᤢᤱᤌᤢᤱ ᤕᤢᤱᤌᤢᤱ – (स्वर वर्ण)

ᤕᤠᤰᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ
अ	आ	इ	उ	ए	ऐ	ओ	औ	एः	

५. ᤌᤢᤱᤌᤢᤱ ᤕᤢᤱᤌᤢᤱ – (व्यञ्जन वर्ण)

ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ
क	ख	ग	ङ	च	छ	ज
ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ
न	त	थ	द	ध	प	फ
ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ
ब	भ	म	य	र	ल	व
ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ				
स	ह	घ				

७. ᤌᤢᤱᤌᤢᤱ ᤕᤢᤱᤌᤢᤱ – (आधा अक्षर)

ᤕᤢᤱᤌᤢᤱ–ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ–ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ–ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ–ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ–ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ–ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ–ᤕᤢᤱᤌᤢᤱ
क–क्	ङ–ङ्	त–त्	न–न्	प–प्	म–म्	र–र्	ल–ल्

८. ᤌᤢᤱᤌᤢᤱ ᤕᤢᤱᤌᤢᤱ – (ध्वनी चिन्ह)

ᤕᤢᤱᤌᤢᤱ- मुक्म्रेङ् ᤕᤢᤱᤌᤢᤱ- सई ᤕᤢᤱᤌᤢᤱ- केम्म्रेङ

९. ᤕᤢᤱᤌᤢᤱ ᤕᤢᤱᤌᤢᤱ – (संयुक्ताक्षर)

ᤕᤢᤱᤌᤢᤱ ᤕᤢᤱᤌᤢᤱ ᤕᤢᤱᤌᤢᤱ

य् व् र्

१. ᤕᤢᤱᤌᤢᤱ – (बाह्रखरी)

ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ
क	का	कि	कु	के	कै	को
ᤕᤢᤱᤌᤢᤱ	ᤕᤢᤱᤌᤢᤱ					
कौ	के:					

१. ᤕᤢᤱᤌᤢᤱ – (गन्ती)

० होप्, ᤕ थिक्, ᤕ नृत्, ᤕ सुम्, ᤕ लिसी, ᤕ ङासी, ᤕ तुक्सी, ᤕ नुसी, ᤕ येत्, ᤕ फाङ्सी, ᤕᤠ थिबोङ् ॥

ᤕᤢᤱᤌᤢᤱ ᤕᤢᤱᤌᤢᤱ ᤕᤢᤱᤌᤢᤱ

प्रदेश सदस्यमा बस्नेत मनोनित

बिर्तामोड, भदौ १४। बिर्तामोडका युवा व्यवसायी विनोद बस्नेत नेपाल-भारत उद्योग वाणिज्य महासंघ प्रदेश १ को कार्यसमिति सदस्यमा मनोनित भएका छन् ।

लामो समयदेखि झापाको बिर्तामोडलाई कार्यक्षेत्र बनाएर उद्योग-व्यवसाय एवम् सामाजिक क्षेत्रमा सक्रिय बिर्तामोड निवासी बस्नेतलाई नेपाल-भारत उद्योग वाणिज्य महासंघ प्रदेश १ को सदस्यमा मनोनित गरेको हो । बिर्तामोडमा रहेको सयपत्री ट्रेडलिंकका प्रबन्ध निर्देशक बस्नेत धेरै औद्योगिक-व्यावसायिक संगठनमा आबद्ध छन् भने दर्जनौं सामाजिक संघ-संस्थामा उत्तिकै सक्रिय छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ कार्यसमिति सदस्य, झापा गोल्डकपका अध्यक्ष, एकका लागि एक अभियानका सहसंयोजक समेत रहेका बस्नेत मेची पेट्रोलियम डिलर्स एसोसिएसनका महासचिव समेत रहेका छन् । बस्नेत नेपाल जेसीजको पूर्व कार्यकारिणी उपाध्यक्ष तथा वीरता जेसीज सन् २००४ को अध्यक्ष पनि हुन् ।

अज्ञात समूहद्वारा देवकोटाको शालिक तोडफोड

भद्रपुर, भदौ १४। अज्ञात समूहले भद्रपुरमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको शालिक तोडफोड गरेका छन् ।

मेची राजमार्गको चारआली-केचना सडकखण्ड अन्तर्गत भद्रपुर-९ स्थित देवकोटा चोकमा निर्मित अर्धकदको महाकवि देवकोटा शालिक तोडफोड गरिएको ९ नम्बर वडा सदस्य नूतन पौडेलले जानकारी दिए । कसले तोडफोड गरेको भन्ने खुलेको छैन । तोडफोडबाट अर्धकदको शालिक भत्काइएको उनले बताए ।

'राष्ट्रका अनमोल सम्पत्तिहरूको संरक्षण गर्न सकिँदैन भने यसरी नष्ट गर्ने अधिकार पनि कसैलाई छैन' - उनले भने । २०५१ सालमा सो चोकका नामकरण गर्दै महाकवि देवकोटाको अर्धकद शालिक राखिएको थियो ।

सन्दर्भ : १४औं पुस्तकालय दिवस

कोरोना प्रभाव र पुस्तकालय दिवस

पुजन आचार्य

हरेक वर्ष भदौ १५ गते नेपालमा राष्ट्रिय पुस्तकालय दिवस विभिन्न कार्यक्रम गरी मनाउने गरिन्छ । नेपालमा १९६९ भदौ १५ गतेबाट पुस्तकालय सेवा प्रारम्भ भएको हो । सो दिनलाई ऐतिहासिक उपलब्धिको रुपमा स्मरण गरिन्छ । पुस्तकालयका क्षेत्रमा भएका गतिविधि एवम् पुस्तकालयको आवश्यकताबारे जानकारी गराउने उद्देश्यका साथ नेपालमा २०६५ भदौ १५ गतेबाट पुस्तकालय दिवस मनाउन थालिएको हो ।

नेपालमा विधिवत्रुपमा पुस्तकालय दिवस मनाउन थालेको १३ वर्ष पूरा भएको छ । पछिल्लो समय त्रिभुवन विश्वविद्यालयका आंगिक क्याम्पससँगै विभिन्न पुस्तकालयले १५ भदौलाई उत्सवका रुपमा लिन थालेका छन् । शिक्षित नागरिक र समृद्ध राष्ट्र निर्माणका लागि संस्थागत रुपमा पुस्तकालय स्थापना गरिएको पाइन्छ । पुस्तकालय दिवसलाई ज्ञानको ज्योति छर्ने दिनको रुपमा लिने गरिएको छ । यसलाई केवल नारामा सीमित नगरी पाठक, शिक्षक, विद्यार्थी लेखक लगायत आमनागरिकले आदरपूर्वक सम्झने दिनका रुपमा स्थापित गराउनु पर्दछ ।

पुस्तकालय ज्ञानको भण्डार पनि हो । पुस्तकालयबाट हामी हरेक किसिमको ज्ञान पाउन सक्छौं । त्यसैले पनि यो दिवसको महत्व बढेको छ । पढाई मानव जीवनको महत्वपूर्ण कुरा हो । जसले जीवन परिवर्तन गर्न सक्दछ । किताब विनाको जीवन निरर्थक हुन्छ । जुसले ढुङ्गे युगको स्मरण गराउँछ । आज समाजमा सामाजिक, सांस्कृतिक, प्राविधिक जति पनि विकास भएका छन्- त्यसमा पुस्तकको ठूलो हात छ, हाम्रो समाजमा अझै पनि धेरै व्यक्तिले पुस्तकको अनुहार पनि देखेका छैनन्, यस सन्दर्भमा पुस्तकालय दिवसको लक्ष्य हरेक व्यक्तिको हातमा पुस्तक हुनु र त्यसको महत्व बुझाउनु हो ।

'पुस्तक' र 'आलय' मिलेर पुस्तकालय शब्दको निर्माण भएको छ । पुस्तकालय भनेको पुस्तकको भण्डार हो भन्न सकिन्छ । हामीले पुस्तकालयमा विभिन्न किताबहरु पाउन सक्छौं, कतिपय मानिले घरमै पुस्तकालय बनाएका हुन्छन् । आज मानिसहरु समयलाई उपयुक्त तरिकाले उपयोग गर्नका लागि किताबहरु पढ्ने गर्दछन् । पुस्तकालयको धेरै महत्व रहेको छ । पुस्तकालय ज्ञानको सागर हो । हामीले यसमा रहेको अर्थपूर्ण ज्ञानलाई मनले धारण गर्न सक्यौं भने लक्ष्य प्राप्ति गर्न सक्छौं । यसले हाम्रो मानसिक विकासमा साथ दिन्छ । पुस्तकालयको महत्व मानिसका लागि समय झैं महत्वपूर्ण हुन्छ ।

नेपालमा पुस्तकालयको शुरुवात एक सय ४७ वर्ष पहिले तत्कालीन राजा गीर्वाणयुद्धविक्रम शाहको शासनकालमा भएको मानिन्छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरणको बखतमा हराएका राज्यहरुका महत्वपूर्ण दस्तावेजहरुलाई संकलन गरेर आफ्नो दरबारमा राख्ने गर्दथे । पछि उनका नाति गीर्वाणयुद्धविक्रम शाहले ती दस्तावेजहरुको संरक्षण गरे एक सय चार वर्षीय राणाशासनले जनतालाई शिक्षाबाट वञ्चित गरायो । नेपालमा स्थापना भएको पहिलो कलेज हो- त्रिचन्द्र कलेज । जसको स्थापना सन् १९१८ मा भएको थियो । यसको मुख्य उद्देश्य भनेको राणा परिवारलाई अंग्रेजी शिक्षा दिनु थियो । त्यस बखतसम्ममा केही विद्यालयहरु स्थापना भए पनि विश्वविद्यालय शिक्षाको प्रणाली र पद्धतिको विकास भइसकेको थिएन ।

सन् १९३० मा महाकवि लक्ष्मीप्रसाद देवकोटासहितको समूहले सरस्वती सार्वजनिक पुस्तकालय स्थापनाको अनुमति मागेर सरकारमा निवेदन गरे । तर, राणा शासकहरुले उनीहरुलाई कारवाही गऱ्यो । केहीलाई सय



रुपैयाँ जरिवाना गरी छाड्यो भने बाँकीलाई लामो समय जेल हाल्यो । समय क्रमसँगै राणा र पञ्चायती शासनको पतन भयो र बहुदलीय व्यवस्था आयो । बहुदलीय व्यवस्थासँगै शिक्षाको क्षेत्रमा नयाँ लहर आयो र विभिन्न स्थानमा पुस्तकालयको स्थापना भयो ।

सन् १९५० देखि १९६० को बीचमा विभिन्न स्थानमा सार्वजनिक पुस्तकालयहरु स्थापना भए । सन् १९६० मा निरंकुश राजतन्त्रको शुरुवातसँगै सामुदायिक पुस्तकालयहरुलाई निरुत्साहित गरियो । सन् १९९० मा निरंकुश राजतन्त्रको अन्त्यसँगै पुनः सामुदायिक पुस्तकालयहरुले गति लिन थाले । यद्यपि, नेपालमा हालसम्म पनि पुस्तकालय सम्बन्धी आवश्यक नीति-नियम र अनुगमन गर्ने सरकारी निकाय नभएकाले देशभर कति पुस्तकालय सञ्चालनमा छन् भन्ने यकिन तथ्यांक छैन । नेपालका अधिकांश पुस्तकालय नियम, पद्धतिको अभाव, तालिम प्राप्त जनशक्तिको अभाव लगायतका समस्याबाट गुज्रिरहेका छन् । थोरै मात्र पुस्तकालयले आवश्यक सेवा-सुविधा उपलब्ध गराउन सकेका छन् ।

नेपालमा पुस्तकालयको इतिहास केलाउँदा नेपालकै ठूलो पुस्तकालयको रुपमा परिचित त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको बारेमा पनि चर्चा गरिनु आवश्यक छ । यो पुस्तकालयको स्थापना सन् १९५९ मा भएको हो । करिब एक हजार दुई सय पुस्तकबाट शुरु भएको यो पुस्तकालयमा हाल करिब चार लाखभन्दा बढी पुस्तक छन् भने त्रिविका आंगिक क्याम्पसहरुमा एक लाखसम्म पुस्तकहरु भएको पुस्तकालयहरु छन् । जसले विश्वविद्यालयका प्राध्यापक, शिक्षक, विद्यार्थी, कर्मचारी र शिक्षामा रुची राख्ने सबैलाई सेवा प्रदान गर्दै आएको छ । शैक्षिक गुणस्तरमा अन्तर्राष्ट्रिय क्षेत्रसँग प्रतिस्पर्धा गर्दै दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ समयको माग अनुसार त्रिविले पुस्तकालयलाई डिजिटलाइजेसन समेत गरेको छ ।

सूचना र प्रविधिमा भएको तीव्र विकाससँगै त्रिविले केन्द्रीय पुस्तकालय लगायत आंगिक क्याम्पसमा समेत इ-पुस्तकालय सञ्चालनमा ल्याएको छ । एक शिक्षा केन्द्रित निःशुल्क खुल्ला डिजिटल पुस्तकालय हो- इ-पुस्तकालय । यसले हजारौं पुस्तकहरु, शैक्षिक भिडियोहरु, अडियो पुस्तक, सन्दर्भ सामग्री र अन्तरक्रियात्मक अध्ययन सफ्टवेयर समावेश गर्दछ । त्रिभूवन विश्वविद्यालयको आंगिक क्याम्पस मेची बहुमुखी क्याम्पसले पनि २०६७ बाट इ-पुस्तकालय सञ्चालनमा ल्याएको छ । जस अनुसार जोस्टर र प्रोजेक्ट म्युज इरीसोर्स खरिद गरी सेवा प्रदान गरिरहेको छ ।

मेची बहुमुखी क्याम्पसले बढ्दो प्रविधिको उच्चतम् प्रयोग र पाठकलाई सहज होस् भन्ने उद्देश्य राखी २०६७ सालदेखि इ-पुस्तकालयको थालनी गरेको छ । इन्टरनेटको माध्यमबाट क्याम्पसले भित्र्याएका हरेक शैक्षिक कार्यक्रमहरुसँग मेल खाने गरी बजारमा उपलब्ध नभएका तर इन्टरनेटको माध्यमबाट पढ्न सकिने प्रविधिलाई अनुशरण गर्नका लागि नेलिकको सदस्यता लिएसँगै त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयमा भएका फ्रि वेशका अनलाइन रिसोर्सहरु बाहेक गत आर्थिक वर्षबाट जोष्टर र प्रोजेक्ट म्यूजको इरीसोर्स खरिद गरी सेवा प्रदान गरिरहेको छ । जसको माध्यमबाट अन्तर्राष्ट्रियस्तरमा रहेका त्रिभुवन केन्द्रीय पुस्तकालयमा भएका फ्रि वेशका अनलाइन रिसोर्सहरु बाहेक मेची बहुमुखी क्याम्पसको इ-पुस्तकालयमा पाउन सकिने व्यवस्था गरेको भए पनि पठन शैलीको विकासका लागि अझै जनचेतना जगाउनुपर्ने अनुभूति भएको छ । यसले खोजमूलक शिक्षाको कमी भएको प्रष्ट गराउँदछ ।

हाल आएर कोरोना संक्रमणको प्रभावका कारण सार्वजनिक पुस्तकालयमा बसेर पढ्ने पाठकलाई भौतिकरुपमा पठनपाठन गर्न र आफ्नो रुची अनुसारको कुनै पनि पुस्तक पढ्न नपाएको अवस्थामा त्रिविका आंगिक क्याम्पसहरुमा भने प्रोक्वेष्ट र रिमोटटेक्सको माध्यमबाट मल्हमपट्टी लाउने काम भएको छ । तर, इन्टरनेटको पहुँच नहुँदा यो सेवा लिनबाट पनि वञ्चित नै हुनु पर्छ । यस समयमा अनलाईन शिक्षालाई विकास गर्न सक्ने सम्भावना र अवसरहरु पर्याप्त छन् । त्यसैले कोरोना संक्रमणको विभिन्न लहरसँगै शैक्षिक संस्थाहरुले आफ्नो अनलाइन शिक्षाको मोडल विकास गरी लागू गरिसकेका छन् । कोरोना प्रकोपको यो संकटपूर्ण समयमा पनि शैक्षिक संस्थाले आफ्ना शिक्षकहरुलाई सिकाउने र विद्यार्थीहरुलाई अनलाईन शिक्षा प्रदान गर्न जरुरी भई त्यसको प्रयोग नै भइसक्यो जसले मानिसहरुलाई शिक्षा प्रदायक प्रविधि प्रयोग गर्न र यसका फलदायी पक्षको नतिजा हेर्न प्रेरित गर्नेछ । साथै यो प्रविधिले आश्चर्यजनक आविष्कारहरु र विविधतापूर्ण डिजिटल विकासमा फड्को मारेको छ । अझ यसको प्रभावकारी प्रयोग ल्याउन मुख्यतः तीन वटा चुनौतिलाई अवसरमा परिवर्तन गर्नुपर्ने देखिन्छ-

१) इन्टरनेटमा पहुँच

२) सही प्रविधि र

३) सो प्रविधि प्रयोगका लागि सीप र तालिमहरु प्रदान गर्ने ।

यति भयो भने कुशल नीति, पब्लिक प्राइवेट पार्टनरसीप, जनविश्वास र सरोकारवालाको इमान्दारीपूर्ण सहयोग भयो भने नेपाल जस्तो एउटा सानो मुलुकले पनि विश्वलाई शिक्षामा एउटा नमूना पेश गर्न सक्छ । कोरोनाको लहरलाई हेर्ने हो भने यी जटील चुनौतिलाई सामना गरेर अगाडि बढ्नु बाहेक हामीमा विकल्प छैन । त्यसैले १४औं पुस्तकालय दिवसको उपलक्ष्यमा पुस्तकालयमा बसेर पढ्ने वातावरण कोरोनाले दिएन । तर, आफ्नो घरमा बसेर पढ्ने बानीको विकाससँगै हामी सबैको प्रांगिक उन्नयन होस् शुभकामना !

बुद्धशान्तिमा प्रहरीद्वारा ६७.८ क्यूफिट काठ र औजार बरामद

बुद्धशान्ति, भदौ १४। बुद्धशान्तिमा काठ तस्कर समूहको बिगबिगी पछिल्लो समयमा बढेको छ ।

बुद्धशान्तिमा गाउँपालिका-७ स्थित सानो सुनमाईस्थित नमूना सामुदायिक वनमा तस्कर समूहले काठ कटान गरिरहेको सूचना पाएपछि इलाका प्रहरी कार्यालय बुधबारेबाट खटिएका प्रहरीले टोली घटनास्थल पुगेका थिए ।

प्रहरी टोली देख्न साथ तस्कर समूह काठ, काठ काट्ने औजार आरा, गिडुवा, खुर्पा छाडी फरार भएको प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक राकेश थापाले जानकारी दिए । त्यसपछि प्रहरी टोलीले सो स्थानमा खोजतलास गर्दा दुर्गा दर्नालको घर पछाडि गोबरले छोपी राखेको विभिन्न साइजका चिरान तथा गोलिया कटान गरी राखेको साल जातको काठ बरामद गरेको थियो ।

सखुवा जातको गोलिया आठ थान २८.५६ क्यूफिट र सखुवा जातको चिरान फेन्टा ३७ थान ३९.२४ क्यूफिट गरी जम्मा ६७.८ क्यूफिट काठ बरामद गरिएको प्रहरी नायव उपरीक्षक थापाले बताए । बरामद गरिएको काठ र औजार आवश्यक कारबाहीका लागि नजिकै रहेको रोङ सव डिभिजन वन कार्यालय इलामसँग समन्वय गरी बुझाइएको छ ।

प्रहरीले यसअघि पनि पटक-पटक बुद्धशान्ति क्षेत्रबाट सखुवा जातका काठ बरामद गरे पनि तस्करी समूहले झापा र इलाममा वन विनाश गरिरहेका छन् ।

अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६-९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

पसल बिक्रीमा

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा ।
सम्पर्क : ९८१४९६३४८८

सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०,९८२४९८२२९६

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।

सम्पर्कः ०२३-५५२६२० ९८४२६५५७००, ९८०४९३८१००

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - बेलामा होस नपुऱ्याउँदा केही समस्या झेल्नुपर्ला । परिस्थितिले सोचेभन्दा फरक मोड लिन सक्छ । लेनदेन तथा हिसाबकितावमा होसियार रहनुहोला ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - सहयोगीहरूले हात झिक्नाले समस्यामा परिनेछ । सञ्चित रकम खर्चनुपर्ने आवश्यकता पर्न सक्छ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - दिगो काम प्रारम्भ गर्न केही समय पर्खनुपर्ने देखिन्छ । सुखद् समाचारले उत्साह जगाउनेछ । मेहनतले सम्मानित स्थान दिलाउन सक्छ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - बौद्धिक कार्यबाट दिगो लाभ उठाउन सकिनेछ । आर्थिक गतिविधिले फाइदा दिनेछ । अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । प्रेम र मित्रताको बन्धन समेत कसिलो हुनेछ । व्यवसायमा मनग्गे धनलाभ हुनेछ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) - पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरूले उत्साह जगाउने छन् ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - पहिलेका कमजोरी सुधार गर्दै फाइदा उठाउने समय छ । सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - अर्थ अभाव खट्किए पनि आवश्यक पर्दा सरसापट वा कर्जा मार्फत धन जुट्नेछ । विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । दोहोऱ्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ । टाढाका साथीभाइले काममा साथ दिने छन् ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - पछिका लागि केही वस्तु त्याग्नुपर्ला । केही खर्च बढ्नेछ भने व्यवसायमा लगानी बढाउनुपर्ला ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ । मेहनत गर्दा दिगो फाइदा हुने काममा जग बसाउने मौका छ ।